"खानेपानी, सडक, विद्युत, कृषि, पर्यटन, संचार, खेलकुद, स्वास्थ्य, शान्तिसुरक्षा र शिक्षा:
पौवादुङमावासीलाई उपलब्ध गराउने गाउँपालिकाको ईच्छा"

# पौवादुङमा गाउँपालिका

## गाउँपालिकाको कार्यालय

च्याङ्ग्रे भोजपुर
१ नं.प्रदेश, नेपाल

मिति(Date):२०७६/१२/२४

## विज्ञप्ती

### कोरोना भाइरस (Covid-19) को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि गरिएका प्रयासहरु

१. गाउँपालिकाका अध्यक्ष श्री किरण राईको संयोजकत्वमा "Covid-19, Rapid Responce Team" गठन गरी परिचालन गरिएको ।

२. गाउँपालिका क्षेत्र प्रवेश गर्ने ३ वटा नाका सिक्रे, फत्तेपुर र अधेरी नाकामा पैदल आउने आगन्तुकको जानकारी लिनका लागि हेरालुको व्यवस्था गरीएको ।

३. विदेश (भारत समेत) बाट आउने/आएका नागरीकलाई होम क्वारेन्टाइनमा राख्ने व्यवस्था गरेको र स्वास्थ्य स्वयम् सेविकाहरुलाई परिचालन गरी अन्यत्रबाट आउने व्यक्तिको रेकर्ड राख्ने र स्वास्थ्य अवस्था बुझ्ने कार्य भई रहेको ।

४. संक्रमण संभावितलाई गाउँपालिकाको एम्बुलेन्स मार्फत सुरक्षित रुपले बि.पी. कोइराला स्वा. वि. प्रतिष्ठान धरान पुऱ्याउने व्यवस्थ रहेको (एम्बुलेन्स नं. को.१झ. ६६३, चालक सन्तोष राई, फोनं. ९८२४३००२८८) ।

५. असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धि मापदण्ड, २०७६ पारित गरिसकिएको ।

६. उल्लेखित मापदण्ड, कोभिड-१९ को कारण प्रभावित क्षेत्रहरुको लागि राहत सुविधा प्रदान गर्ने मन्त्रिपरिषदको निर्णय कार्यान्वयन कार्ययोजना, २०७६ र कोभिड-१९ रोकथाम तथा नियन्त्रणका क्रममा भएको आवगमन निषेधबाट उत्पन्न परिस्थितीमा लक्षित परिवारलाई राहत उपलब्ध गराउने सम्बन्धि मार्गदर्शन, २०७६ तथा यस गाउँपालिकाको मिति २०७६।१२।२४ को निर्णयानुसार लक्षित परिवार पहिचान गरी राहत वितरणको तयारी भइरहेको ।

७. गाउँपालिकाको नाउँमा खोलिएको नेपाल इनभेष्टमेन्ट बैंक तिवारीभञ्ज्याङ शाखामा रहेको विपद व्यवस्थापन कोष खाता नं. ०६६०१४००२५००८५ (खाता ५.४) मा ९४ लाख रकम विभिन्न आयोजनाको रकम सभाबाट अनुमोदन गर्ने गरी स्थानान्तरण गर्ने निर्णय मिति २०७६।१२।२४ गते मा गरेको । उक्त रकममा कर्मचारी र जनप्रतिनिधि समेतको पारिश्रमिक तोकिए बमोजिम जम्मा गरीनेछ । साथै इच्छुक राहत सहयोग उपलब्ध गराउन चाहने व्यक्ति उद्योगी,कर्मचारी, संघसंस्था आदिले उक्त खाता नं.मा रकम जम्मा गर्न आह्वान समेत गरीएको छ ।

८. प्रत्येक वडामा वडा सम्पर्क व्यक्तिको रुपमा वडा सचिवलाई तोकिएको छ ।

९. गाउँपालिका अध्यक्षको संयोजकत्वमा अनुगमन समिति तयार गरी नियमित रुपमा सेवा प्रवाह सम्बन्धित अनुगमन गर्ने गरीएको छ ।

१०.Covid-19 रोकथाम नियन्त्रणका लागि आवश्यक सामग्री र सामान्य विरामीका लागि अतिआवश्यकीय औषधीहरुको पर्याप्त व्यवस्था मिलाइएको छ ।

११. Covid-19 संक्रमण रोकथाम तथा न्यूनिकरण सम्बन्धि सूचनामूलक पोष्टर, फ्लेक्स मार्फत प्रचारप्रसारको व्यवस्था स्वास्थ्य संस्था, वडा, बैंक आदिमा हातधुने व्यवस्था र सेनिटाइजरको व्यवस्था गरिएको छ ।

१२. यस संक्रमणबाट पारपाउन अहोरात्र खटिनुहुने स्वास्थ्य कर्मी र सुरक्षाकर्मीको मनोबल उच्चराख्न प्रोत्साहन स्वरुप खाजा खर्च र संचार तथा इन्धनको व्यवस्था गरिएको छ ।

१३.अन्त्यमा, Covid-19 संक्रमण रोकथाम तथा न्यूनिकरण कार्यमा निरन्तर खटिनुहुने स्वास्थ्य कर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधि, कर्मचारी, पदाधिकारी, पत्रकार तथा तोकिएको लकडाउनलाई पालना गरी सहयोग गर्न हुने सम्पूर्ण जनसमुदाय तथा जिम्मेवार व्यक्तित्वहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै अगामी दिनमा समेत त्यस्तो प्रकारको सहयोगको निरन्तरता दिई Covid-19 लाई परास्त गर्न हातेमालो गर्नु हुनेछ भन्ने अपेक्षा राख्दछु । धन्यवाद ।

२०७६।१२।२४

रमेश राई
प्रमुख प्रशासकीय अधिकृत